# बहुदरमाई नगरपालिकाको
# पांचौ नगर सभाबाट
# स्वीकृत नीति, कार्यक्रम, बजेट पुस्तिका

आ.व.२०७७।०७८
**समापन तथा सार्वजनीकिकरण**
**मितिः २०७७ असोज ०७ गते बुधबार**



**प्रकाशकः**
बहुदरमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बहुअरीपिडरी, पर्सा

# नेपालको संविधान २०७२ को भाग १८ धारा २२३ बमोजिम गठित पांचौ बहुदरमाई नगर सभाबाट भएका निर्णयहरुः

**निर्णय नं.१**

पाचौ नगर सभा प्रारम्भमा नगर प्रमुख एवं उप प्रमुखको तर्फबाट प्रमुख प्रशासकिय अधिकृत श्री तिर्थराज पौडेलबाट प्रस्तुत नीति, कार्यक्रम र बजेटलाई स्वीकृत गरियो ।

**निर्णय नं.२**

बहुदरमाई नगरपालिका अन्तर्गत रहेका विषयगत शाखाहरु शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला विकास, उर्जा वातावरण सरसफाई र बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फको गत आ.व.को समिक्षा र आगामी आ.व. २०७७/०७८ को लागि कार्यक्रम तथा बजेट सम्वन्धमा दफावार छलफल भई विषयगत शाखाहरुलाई नेपाल सरकारबाट प्राप्त सशर्त बजेट तथा कार्यक्रम तोकी आए बमोजिम संचालन हुने र सो बाहेक यस नगरपालिकालाई प्राप्त वित्तीय समानीकरण बजेट र आन्तरिक स्रोतबाट थप व्यहोर्ने गरी तपसिल अनुसारको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । साथै विषयगत शाखा र बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ प्राप्त बजेट अनुसारका कार्यक्रम बनाई कार्यान्वय गर्न नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट कार्यकम स्वीकृत गरी कार्यन्वयन गर्न अधिकार दिने निर्णय गरियो।

तपसिलः

१. शिक्षा शाखा तर्फ आ.व. २०७७/०७८ को लागि नगरपालिकाले विनियोजित गरेको विषयगत बजेट तथा कार्यक्रम प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखले स्वीकृत गर्ने गरी रू.१५,००,०००।००

२. स्वास्थ्य शाखा तर्फ आ.व. २०७७/०७८ को लागि नगरपालिकाले विनियोजित गरेको विषयगत बजेट तथा कार्यक्रम प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखले स्वीकृत गर्ने गरी रू.१५,००,०००।००

३. कृषि शाखा तर्फ आ.व. २०७७/०७८को लागि नगरपालिकाले विनियोजित गरेको विषयगत बजेट तथा कार्यक्रम प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखले स्वीकृत गर्ने गरी रू.९,००,०००।००

४. पशु सेवा शाखा तर्फ आ.व. २०७७/०७८को लागि नगरपालिकाले विनियोजित गरेको विषयगत बजेट तथा कार्यक्रम प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखले स्वीकृत गर्ने गरी रू.४,००,०००।००

५. महिला तथा बालबालिका शाखाको आ.व.२०७७।०७८ लागि नगरपालिकाले विनियोजित गरेको विषयगत बजेट तथा कार्यक्रमप्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखले स्वीकृत गर्ने गरी रू.४,००,०००।००

६. एल.जि.सि.डी.पी तर्फ रू.२,५०,०००।००

७. बहुक्षेत्रिय पोषण योजना कार्यकम तर्फ रू.२,५०,०००।००

**निर्णय नं.३**

बहुदरमाईनगर कार्यपालिकाको आगामी आ.ब. २०७७।०७८ को लागि लागु गर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क र राजस्वका सम्भावित अन्यश्रोत सम्वन्धमा सवै तह तप्काबाट आएका राय सुझाव र स्थानीय राजस्व परामर्श समितिप्रस्ताव भएका कर, दस्तुर, सेवा शुल्क र राजस्वका अन्य श्रोत समेतलाई समेटेको आर्थिक विद्येयक उपर दफाबार छलफल भइ आएको तपसिल अनुसारको आर्थिक विधेयक स्वीकृत भयो ।

## बहुदरमाई नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक २०७७

प्रस्तावना :

बहुदरमाई नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनको निमित्त स्थानीय कर,दस्तुर, शुल्क, जरिवाना समेत संकलन गर्ने, छुट दिने तथा अन्य आयको संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम बहुदरमाई नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम**“बहुदरमाई नगरपालिकाको आर्थिक ऐन, २०७७**”रहेको छ। २०७७ श्रावण देखि उठाइएका कर, दस्तुर सेवा शुल्क यसै बमोजिम उठाएको मानिनेछ।

२. यो विधेयक बहुदरमाई नगरपालिका क्षेत्रमा आर्थिक बर्ष २०७७।०७८ को लागि लागु हुनेछ ।

१। सम्पति कर :- नगरपालिकाको क्षेत्रभित्र अनुसूचीमा उल्लेख भए बमोजिम सम्पति कर लगाइने र असूल उपर गरिने छ।

२। **भूमिकर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र अनुसूचीमा उल्लेख भए बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिने छ।

३। घर जग्गा बहाल कर : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जवापोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम घर जग्गा वहालकर लगाइने र असूल गरिने छ।

४। **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा,होटल, रेस्टुरेन्टतथा रिसोर्टमा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचीमा उल्लेख भए बमोजिम व्यवसायकर लगाइने र असूल उपर गरिने छ।

५। **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचीमा उल्लेख भए बमोजिमको कर लगाइने र असूल उपर गरिने छ।

६। **सवारी साधन करः** नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारीसाधनमा अनुसूचीमा उल्लेख भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७। **विज्ञापनकरः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचीमा उल्लेख भए बमोजिम विज्ञापनकर लगाइने र असूल उपर गरिने छ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ।

८। **मनोरन्जनकरः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचीमा उल्लेख भए बमोजिम व्यवसायकर लगाइने र असुल उपर गरिने छ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९। **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचीमा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिने छ।

१०। **पार्किङशुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचीमा उल्लेख भए बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिने छ।

११। **सेवाशुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचीमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिने छ।

१२। **पर्यटनशुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचीमा उल्लेख भएको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ।तर, प्रदेशकानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ।

१३। **करछुटः** तोकिए बमोजिम बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१४। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।

**१५। अनुसूचीमा उल्लेख नभएका** दरहरुको **हकमा साविकमा कायम रहेको करको दर कायम हुनेछ।साविकमा समेत उल्लेख नभएको क्षेत्रमा नगर** कार्यपालिकाले **करको दर कायम गरी लागू गर्नेछ।**

१६। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ अनुसार प्रदेश र नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर, निर्धारण तथा बाँडफाँट ऐनमा तोकिए बमोजिम हुनेछ ।

## अनुसूची १

**बहुदरमाई नगरपालिकाले आगामी बर्ष २०७७०७८ मा लगाउने कर, शुल्क, दस्तुर, राजश्व दरहरु**

१.स्थानीय कर :-

१.१ सम्पति कर : कार्यपालिकाले तोक बमोजिम हुने ।

सम्पतिकरमा लागु हुने संरचनाको मूल्यांकनदर :-

| क्र.सं. | संरचनाको प्रकार | प्रति वर्ग फिट मूल्य रु. | प्रति वर्ष टुटफुट कट्टी % | ह्रास कटी गरीने वर्ष |
|---|---|---|---|---|
| १ | ढुंगा वा इटाको पर्खाल प्रति रनिडफिट | कार्यपालिकाले तोके बमोजिम | कार्यपालिकाले तोके बमोजिम | - |
| २ | भित्र काँचो बाहिर पाको ईटामा माटोका जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिंगटी, टायल, एसबेस्टसको छाना भएको घर | | | २५ वर्ष |
| ३ | भित्र बाहिर पाको ईटा वा ढुङ्गामा माटोको जोडाई भई भित्र बाहिर सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सि.सि.वा आर.वि.सि.) गरिएको वा जस्ता, टायल, झिंगटी, एसबेस्टसको छाना भएको घर | | | ३० वर्ष |
| ४ | भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सि.सि.वा आर.वि.सि.) गरिएको घर | | | ७० वर्ष |
| ५ | आर.सि.सि.फ्रेम स्ट्रेक्चरमा लिफ्ट/एक्सलेटर जडान भएको घर | | | १०० वर्ष |
| ६ | स्टील फ्रेम स्ट्रक्टर, फविडट्रस, फाईवर वा यस्तै संरचना | | | - |

जग्गाको मूल्याङ्कनको हकमा मालपोतको स्वीकृत दररेटमा नघटने गरी मूल्याङ्कन समितिको सिफारिस समेतकाआधारमा स्वयं घोषणा प्रणाली अनुसार मूल्याङ्कन गरिने छ ।

१.२ भूमीकर (मालपोत)

### धनहर तर्फको मालपोत :

| मालपोत | अवल | दोयम | सिम | चाहर |
|---|---|---|---|---|
| आ.व.०७५।०७६ | ०७५।०७६ मा | ०७५।०७६ मा | ०७५।०७६ मा | ०७५।०७६ मा |
| प्रतिकठा १ को | रु.१०।- | रु.०९।- | रु.०७।- | रु.०५।- |

१.३ घर जग्गा बहाल कर :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | घर धनीबाट बहाल रकमको (सम्झौता अनुसार) | १० % |

१.४ व्यवसाय कर :

व्यवसाय करको दररेट

| सि.नं. | नं. | व्यवसायको नाम | हाल लिई रहेको | आ.व. २०७७०७८ |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | १.१ | चुरोट विक्रेता | | १०००।- |
| | १.२ | रक्सी | | |
| | | क.श्रेणी मदिरा, कोक, फेन्टा एजेन्सी | | १०००। |
| | | ख.श्रेणी ,माछा,मासु मदिरा पसल | | ५००।- |
| | १.३ | सुन चादी पसल | | |
| | | क.श्रेणी २ लाख भन्दा माथी | | १०००।- |
| | | ख.श्रेणी २ लाख सम्म | | ७००।- |
| | १.४ | भिडीयोक्यासेट,सि.डी. रेकर्डर तथा विक्रेता | | ५००।- |
| २ | २.१ | निर्माण सामग्री पसल | | |
| | | क.श्रेणी २ लाख भन्दा माथी | | ७००।- |
| | | ख.श्रेणी २ लाख सम्म | | ५००।- |
| | २.२ | हार्ड वेयर फलाम एलेक्ट्रीक पसल | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | ७००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।- |
| | २.३ | कम्प्यूटर टि.भी.मोवाईल कैमरा पसल | | ५५०।- |
| | २.४ | इलेक्ट्रीक पसल | | |
| | | क.श्रेणी ५०हजार भन्दा माथी | | ५००।- |
| | | ख.श्रेणी ५० हजार सम्म | | ३००।- |
| | २.५ | कारपेट | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | ६००।० |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।० |
| | २.६ | पेट्रोलियम पदार्थ | | |
| | | क.श्रेणीडिजल,मटीतेलपेट्रौल,मोविल भएको | | १०००।- |
| ३. | ३.१ | किराना पसल | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | ५००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ३६०।- |
| | ३.२ | कपडा पसल | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ८००।- |
| | ३.३ | रेडीमेड कपडा पसल | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ८००।- |
| | ३.४ | सवारी साधन विक्रेता | | |
| | | क.श्रेणी ट्रेक्टर विक्रेता | | ३०००।०० |
| | | ख.श्रेणी मोटरसाईकल विक्रेता | | २०००।०० |
| ४ | ४.१ | विशषज्ञ,परामर्श तथा अन्य व्यवसायी | | |
| | | क. चिकित्सक,कविराज,दन्त,पशु चिकित्सक | | १०००।०० |
| | | ख.ईन्जिनियर पेशामा | | १०००।०० |
| | | ग.कानून व्यवसायी पेशामा | | ७००।०० |
| | | घ.लेखा परीक्षक पेशामा | | ६५०।०० |
| | | ङ. विमा एजेन्ट पेशामा | | ६५०।०० |
| | | च. सर्भेयर (अमिन पेशा )मा | | ६५०।०० |
| ५ | ५.१ | निर्माण व्यवसायी ठेकेदार | | २०००।- |
| ६. | ६.१ | उत्पादन मूलक उद्योग | | १०००।- |

| | | | | |
|---|---|---|---|---|
| ७ | ७.१ | उर्जा मूलक उद्योग | | १०००।- |
| ८. | ८.१ | कृषि तथा बन्य जन्य उद्योग | | |
| | | क.श्रेणी स:मिल (काठ चिरान ) | | २५००।- |
| | | खश्रेणी फर्निचर उधोग | | १०००।- |
| | ८.१ | गल्ला भण्डार | | ५००। |
| ९ | ९.१ | पर्यटन उद्योग | | |
| | | क.श्रेणी होटल तथा लज(बास वस्ने) | | १०००।- |
| | | ख.श्रेणी लज ( वास वस्ने ) मात्र | | ९००।- |
| | | ग श्रेणी होटल ( खाना खाने )भोजनालय | | ७००।- |
| | | घ.रेष्टुरेण्ट एण्ड वार | | १५००।- |
| | | ङ.ट्राभल एजेन्सी | | १०००।- |
| १० | सेवा मुलक व्यवसाय | | | |
| | १०.१ | छापाखाना (प्रेस ) | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ७००।- |
| | १०.२ | चलचित्र सिनेमा हल | | १५००।- |
| | १०.३ | फोटोकापी स्टुडियो | | |
| | | क.श्रेणी फोटोकापी मसिन भएको | | ५००।- |
| | | ख.श्रेणी फोटो स्टुडियो | | ४००।- |
| ११ | ११.१ | कसर उद्योग | | २०००।- |
| १२ | ११.१ | संचार सेवा | | |
| | | क..छपाई तथा प्रकाशन | | ५००।- |
| | | ख.निजी क्षेत्रको टेलीफोन वुथ इन्टरनेट | | ७००।- |
| | | ग. निजी हुलाक कुरियर सेवा | | ३००।- |
| १३ | १३.१ | वित्तिय सेवा | | |
| | | क आर्थिक कारोवार गर्ने बैक | | २०००।- |
| | | ख वित्तीय संस्था | | १५००। |
| | | ग. विमा कम्पनी | | २०००।- |
| | | घ. सहकारी बैक | | २०००।- |
| १४ | १४.१ | स्वास्थ्य सेवा | | |
| | | क. गैर सरकारी अस्पताल | | १५००।- |
| | | ख. क्लिनिक तथा लैब | | ५००।- |
| १५ | १५.१ | शिक्षा सेवा | | |
| | | क निजी क्षेत्रका प्रा.स्कूल | | १०००।- |
| | | ख ,, ,, मा. स्कूल | | १५००।- |
| | | ग, तालिम तथा अनुसंधान केन्द्र | | १०००।- |
| १६ | १६.१ | मर्मत संभार सेवा | | |

| | | | | |
|---|---|---|---|---|
| | | १.बस ट्रक ट्र्याक्टर मर्मत पसल | | २०००।०० |
| | | २.कार,जिप,टेम्पो,टेक्सी मर्मत पसल | | १५००।०० |
| | | ३.मोटरसाईकल मर्मत पसल | | १०००।०० |
| | | ४. साईकल मर्मत पसल | | ५००।०० |
| | | ५. रेडियो टी.भी. मर्मत पसल | | ७००।०० |
| | | ६.घडी मर्मत पसल | | ५००।०० |
| | | ७. प्रेसरकुकर,गैसचुल्हा मर्मत पसल | | ४००।०० |
| | | ८. विद्युत सा.मर्मत पसल(घरवाईरिंग) | | ८००।०० |
| १७ | १७.१ | अन्य सेवा | | |
| | | १. विज्ञापन सेवा | | ३६०।०० |
| | | २.बैदेशिक रोजगार | | १०००।०० |
| | | ३.स्वदेशी रोजगार | | ३६०।०० |
| | १७.२ | सूचीकार ( दर्जी टेलर पसल ) | | |
| | | क श्रेणी २ भन्दा बढी मेशिन भएको | | ४००। |
| | | ख.श्रेणी २ वटा मेशिनसम्म | | २००।- |
| | १७.३ | हजाम पसल सैलुन | | |
| | | क श्रेणी व्यूटी पार्लर पसल | | ५००।- |
| | | ख.श्रेणी सैलुन ( हजाम पसल ) | | १०००।- |
| | १७.४ | साईन बोर्ड वनाउने पेन्टर कलाकार | | ५००।- |
| | १७.५ | मासु विक्रेता पसल | | १०००।- |
| | १७.६ | फुल तथा विरुवा बिक्री पसल | | ५००।- |
| | १७.७ | सिसा प्लाई वोड पसल | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | ५००।०० |
| | | ख.श्रेणी १ लाख सम्म | | ३००।०० |
| | १७.८ | स्टील तथा काष्ठ फर्निचर | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | २०००।०० |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।०० |
| | १७.९ | भाडा वर्तन पसल | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | १०००।०० |
| | | ख.श्रेणी १ लाख सम्म | | ४००।०० |
| | १७.१० | खिलौना गिफट उपहार पसल | | १००।०० |
| | १७.११ | केवुल नेट वर्क सर्भिस | | ५००।०० |
| १८ | १८.१ | जुत्ता चप्पल पसल | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।- |
| १९ | १९.१ | जुत्ता चप्पल वनाउने पसल | | २५०।- |
| २० | २०.१ | पुस्तक तथा स्टेशनरी पसल | | |

| | | | | |
|---|---|---|---|---|
| | | क.श्रेणी १ लाख भन्दा माथी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।- |
| २१ | २१.१ | औषधी पसल | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | १५००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ७००।- |
| २२ | २२.१ | चश्मा पसल | | २००।- |
| २३ | २३.१ | फेन्सी पसल | | |
| | | क.श्रेणी थौक विक्रेता १लाख भन्दा माथि | | १०००।- |
| | | ख.श्रेणी खुद्रा विक्रेता १लाख सम्म | | ५००।- |
| २४ | २४.१ | मिठाई पसल | | |
| | | क.श्रेणी ५० हजार भन्दा माथी | | १०००।- |
| | | ख.श्रेणी ५० हजार सम्म | | ५००।- |
| २५ | २५.१ | लेथ तथा वेल्डींग | | |
| | | क.श्रेणी लेथ तथा वल्डींगको कार्य भएको | | १०००।- |
| | | ख.श्रेणी वेल्डींग को कार्य मात्र भएको | | ५००।- |
| २६ | २६.१ | कृषि मल खाध किट नाशक पसल | | १०००।- |
| २७ | २७.१ | कुखरा पालन पोल्टी फर्म | | १०००।- |
| २८ | २८.१ | खसी वंगुर,भैसी,गाई, पालन | | |
| | | क.श्रेणी १ लाख भन्दा माथी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।- |
| २९ | २९.१ | च्यूरा मुरी तथा सेलर मिल उद्योग | | |
| | | क.श्रेणी १ लाख भन्दा बढी | | २०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।- |
| ३० | ३०.१ | धान कुटने,आटा तथा मसाला पिस्ने मिल | | |
| | | क.श्रेणी १ लाख भन्दा बढी | | १०००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ५००।- |
| | ३०.२ | तेल तथा मसाला उद्योग | | |
| | | क.श्रेणी १ लाख भन्दा बढी | | ७००।- |
| | | ख.श्रेणी १ लाख सम्म | | ४००।- |
| ३१ | ३१.१ | चिया नास्ता पसल | | |
| | | क.श्रेणी २५ हजार भन्दा बढी | | ५००।- |
| | | ख.श्रेणी २५ हजार सम्म | | ३५०।- |
| ३२ | ३२.१ | मनि ट्रँन्सफर | | ५००।- |
| ३३ | ३३.१ | गैस सव डिलर | | ५००।- |
| ३४ | ३४.१ | गिटी वालुवा,ढुगा स्टोकगरी विक्री गर्ने | | १०००।- |

१.५ बहाल विटौरी कर :

.यस नगरपालिका विभिन्न स्थानमा रहेको पसल वन्दोवस्तीको २०७७०७८ मा प्रति पसल रु.१०००।-असुल उपर गरिने छ ।

१.६ पार्किङ शुल्क: कार्यपालिकाले तोके बमोजिम हुने ।

१.७ जडिबुटी, कवाडी र जीवजन्तु कर : कार्यपालिकाले तोके बमोजिम हुने ।

१.८ टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी कर : कार्यपालिकाले तोके बमोजिम हुने ।

१.९ विज्ञापन कर

| क्र.सं. | विवरण | प्रतिवर्ग फिट रु | वार्षिक |
|---|---|---|---|
| १ | मादक पदार्थ धुम्रपान<br>क) होडिंगवोर्ड र डि.पि.एस.वोर्ड र ग्लो<br>ख) भित्ते लेखनग) तुल व्यानरमा | २०।- | ५०।-<br>२५।- |
| २ | होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन र सवारी साधन<br>क) होडिंगवोर्ड र डि.पि.एस.वोर्ड र ग्लो<br>ख) भित्ते लेखनग) तुल व्यानरमा | १५।- | ४०।-<br>१५।- |
| ३ | अन्य :<br>क) होडिंगवोर्ड र डि.पि.एस.वोर्ड र ग्लो<br>ख) भित्ते लेखनग) तुल व्यानरमा | १५।- | ३०।-<br>८।- |

बिज्ञापन गर्दा निम्न बमोजिम गर्नु पर्नेछ ।

१. कुनै पनि प्रकारका विज्ञापन गर्दा न.पा.बाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।
२. नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सूर्तिजन्य) जस्ता बस्तुहरुको विज्ञापन गर्न पाइने छैन ।
३. यातायात सवारीका साधनहरुको विक्री प्रयोजनका लागि हुने विज्ञापनमा २५ प्रतिशत थप गरी कर लिईने छ ।
४. होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन सम्बन्धी विज्ञापनहरुमा माथि उल्लेखित दररेटमा कर लिईने छ ।
५. विभिन्न संघ संस्थाहरुबाट हुने सेवामूलक प्रचार प्रसारका सामग्रीहरुमा उल्लेखित दरमा ५० प्रतिशत छुट दिईने छ ।
६. नेपाल सरकारका तर्फबाट हुने जनचेतना अभिबृद्धिमुलक सूचना प्रचार प्रसारका सामाग्रीहरुमा विज्ञापन कर लिईनेछैन ।
७. व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीको हकमा विज्ञापन कर लिईनेछ ।
८. उल्लेखित दररेट र आकार प्रकारका आधारमा विज्ञापनका लागि स्वीकृत दिंदा न्युनतम रु. ५०/मा नघटाई लिईनेछ ।
९. स्वीकृत नै नलिई राखिएका विज्ञापन सामग्री हटाउने र स्वीकृति दिन उपयुक्त ठानिएमा लाग्ने करको शत-प्रतिशत बराबर जरिवाना लिई स्वीकृति दिन सकिनेछ ।
१०. निजी स्वामित्वको स्थानमा विज्ञापन सामग्री राख्दा सम्बन्धित सरोकारवालाको सहमति प्राप्त गर्नु पर्नेछ । त्यस्तो ठाउमा गरिने विज्ञापन करमा ५० प्रतिशतसम्म छुट दिईनेछ ।
११. स्वीकृत समयावधि भित्रै अर्को थप समयावधिका लागि नविकरण गर्न आउनेलाई लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिईनेछ ।
१२. विज्ञापन गर्नेले स्वीकृत समयावधि समाप्त हु"दा गरिएको विज्ञापन स्वयंले हटाउनु/मेटाउनु पर्नेछ ।

## २.अन्य दस्तुर सेवा शुल्क:

| | | |
|---|---|---|
| १ | प्राविधिक सेवा शुल्क ( सार्वजनिक सम्पति वाहेक ) | १०००।- |
| २ | उजुरी दर्ता ,, | ३००।- |
| ३ | जडिवुटी निकासी शुल्क प्रतिकेजि | ०।५० |
| ४ | दलहन,तेलहन प्रतिकेजि | ०।४० |

२.२.अचल सम्पति मूल्याँकन तथा आयश्रोत प्रमाणित :-

| सि.नं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | रु.५ लाखसम्म | रु.३००।०० | |
| २ | सो भन्दा माथि प्रति लाख | रु.२५।०० | |

२.४ मुख्य हाट बजार तथा तरकारी बजारमा लगाईने सेवा शुल्क : कार्यपालिकाले तोके बमोजिम

२.५ भवन निर्माण (नक्शापास) दस्तुर

२.५.१ नयां भवन नक्सा पास दस्तुर :

| | विवरण | | २०७७।०७८ को |
|---|---|---|---|
| १ | नक्सा पास गर्दा पक्की भुईतल्लेको प्लिन्थ एरियाको प्रतिवर्ग फिट | | रु.२।- |
| | नक्सा पास गर्दापक्की एकतल्ले को प्लिन्थ एरियाको प्रतिवर्ग फिट | | २.५।- |
| | नक्सा पास गर्दा पक्की दुईतल्ले को प्लिन्थ एरिया र सो भन्दा माथिको तल्ला थपमा प्रति वर्ग फिट | | ३.।- |

| | | | |
|---|---|---|---|
| २ | पक्कि खपडा घर प्रति वर्ग फिट | | रु. १।- |
| ३ | कच्चि खपडाको,टिना,टायल घर इजाजत दस्तुर | | रु. २५०।- |
| ४ | फुसको घरको ईजाजत दस्तुर | | रु. २००।- |
| ५ | कम्पाउण्डवाल प्रति वर्ग फिट | | रु. १.००।- |
| ६ | अन्य नक्शा सम्वन्धि कागजात प्रतिलिपी दस्तुर | | रु. १००।- |
| ७ | घर नक्शाको प्रतिलिपी दस्तुर | | रु. २१०।- |
| ८ | प्राविधिक शुल्क | | रु. ५००।- |

२.५.२ पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि :कार्यपालिकाले तोके बमोजिम

नोट :

- व्यवशायिक भवनमा मापदण्ड र नियमानुसार सो मा २५ प्रतिशत थप दस्तुर समेत लाग्ने छ।
- महिलाको स्वामित्व रहेको निजी भवनहरुमा लाग्ने नक्सा पास दस्तुरमा १०प्रतिशत छुट दिईने छ।
- पुर्व नक्सापास भएको प्रमाण पेश गरी मर्मत हूने क्षेत्रफल खूलाई मर्मत इजाजत माग भई आएमा हालको नक्सा पास दस्तुरको ५० प्रतिशत शूल्क लिई मर्मत सूधार इजाजत दिन सकिनेछ ।
- स्वीकृत नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तूरको ५प्रतिशत दस्तूरलिई पूनः २ बर्षको लागिम्याद थपगरिनेछ ।
- माप दण्ड विपरित निर्माण भएका घरको घरनक्सा पास गरिने छैन तर मापदण्ड भित्र भएका भवनहरुको हकमा देहाय बमोजिम थप शुल्क लिइ नक्सा पास गर्न सकिनेछ।

१. नक्सा पास प्रक्रियामा नरहेको तर एकै पटक नक्सा पेश गरी सम्पन्न प्रमाण पत्र लिन आएमा हालको नक्शा पास दस्तुरको ०.५० प्रतिशत र प्रथम चरणको निर्माण कार्यको स्वीकृत लिई एकै पटक सम्पन्न प्रमाण पत्र लिन आएमा ०.२५ प्रतिशत थप दस्तुर लिइ नक्सा पास गर्न सकिनेछ।

२. न.पा.बाट निर्माण कार्य स्वीकृत लिएका तर तोकिएको समय भित्र सम्पन्न नलिएका भवनको नक्सा पास गर्दा थप ५० प्रतिशत र नक्सा फरक भई संशोधित नक्सा पेश गर्दा क्षेत्रफल बढी हुन आएमा थप क्षेत्रफलमा हालको नक्सा पास दस्तुरको १०० प्रतिशत थप शुल्क लिई नक्सा पास गर्न सकिने छ।

३. अव नयाँ दर्ता भई निर्माण हुने भवन नक्सा पास भई तल्ला थप गर्ने भवनमा सौर्य उर्जा प्रयोग गरिएको हुनु पर्नेछ।

४. पूर्व स्वीकृति लिई नक्सा पास भएको हकमा थप संरचनाको मात्र प्रचलित नियमानूसार गरिनेछ।

२.५.३ दण्ड जरिवाना

क) नयाँ निर्माण

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ।

ख ) तल्ला थपमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३ | निर्माणको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

१ नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ।

## २.६ सिफारिश तथा अन्य सेवा शुल्कको दर :

| सि.नं. | विवरण | | ०७७।०७८ को |
|---|---|---|---|
| १ | नक्सा कितावलाई | | ३००।- |
| २ | निर्माण सम्पन प्रमाण पत्र | | १०००।- |
| ३ | घर वाटो सिफारिस १ किता सम्म सो भन्दा माथि प्रति किता रु.५०। थप | | २००।- |
| ४ | व्यवसाय प्रमाणपत्र को प्रतिलिपी मागदा | | २००।- |
| ५ | नाता प्रमाणित सिफारिस दस्तुर | | १००।- |
| ६ | नामसारी दस्तुर | | २००।- |
| ७ | मोही लगत कट्टा को सिफारिस | | ५००।- |

| | | | |
|---|---|---|---|
| ८ | ३५ दिन पछि दा.खा. गराउन आउदा जरिवाना | | १००।- |
| ९ | उद्योग स्थापना सिफारिस (१) ठुलो लाई<br>(२) सानो लाई | | ५००।-<br>३००।- |
| १० | चार किल्ला प्रमाणित दस्तुर एक किता सम्म | | १००।- |
| ११ | प्रति थप किता चार किल्ला प्रमाणित | | २५।- |
| १२ | विद्युत तथा खानेपानी पानी सिफारिस दस्तुर | | १००।- |
| १३ | दा.खा. दस्तुर | | २००।- |
| १४ | नागरिकता सिफारिस दस्तुर(वंशज)तथा प्रतिलिपी समेत | | ५०।- |
| १५ | नागरिकता सिफारिस दस्तुर (वैवाहिक अंगिकृत) | | १००।- |
| १६ | राहदानी सिफारिस दस्तुर | | ४००।- |
| १७ | अन्य सिफारिस दस्तुर न.पा. तर्फ | | २००।- |
| १८ | लालपुर्जाको प्रतिलिपी लिन सिफारिस गर्दा | | १००।- |
| १८ | लालपुर्जामा फोटो टासी तिनपुस्ते को सिफारिस गर्दा | | २००।- |
| १९ | छुट जग्गा को सिफारिस गर्दा | | २००।- |
| २० | कुनै सिफारिस अंग्रेजीमा गराउदा दस्तुर दोव्वर लाग्ने | | ४००। |
| २१ | योजना  कार्यसम्पन्न सिफारिस | | १०००। |
| २२ | घर सम्पन्नको प्रमाण पत्र लिन आउदा २ वर्ष म्यद नाघेमा नियमित गर्ने वापत | | २५ प्रतिशत पास गर्दा लागेको दस्तुर |
| २३ | अन्य सिफारिस दस्तुरवडा तर्फ | | ५०।०० |

- नेपाली नागरिकताको सरजमीन मुचुल्का गर्दा निशुल्क गरिने छ।
- अन्तर सरकारी वित ऐन २०७४ बमोजिम नगरपालिकालाई प्राप्त हुने घरजग्गा रजिष्ट्रेसन शुल्क, मनोरंजनकर र विज्ञापनकर समेतबाट प्राप्त हुने रकम यसै आयमा समावेश हुनेछ।
- माथि उल्लेखित कर, दस्तुर र सेवा शुल्क देखि वाहेक अन्य श्रोत थप हुन आएमा नगरकार्यपालिकाले श्रोतको पहिचान गरी करको दर तोक्न सक्नेछ।
- नेपाल सरकारका अन्य निकायमा हुने दर्ता, नविकरण दस्तुर नियमन भई आएका कार्यहरु हस्तान्तरण भई आएमा सम्बन्धित निकायबाट वा नेपाल सरकारले तोकिए भन्दा कम नहुने गरी कर, दस्तुर तथा सेवा शुल्क लिईनेछ।
- उल्लेखित अनुसारको कर, दस्तुर र सेवा शुल्क तथा मालपोत रजिष्ट्रेशन र प्राकृतिक श्रोतसाधनबाट उठने शुल्क समेतबाट नगर क्षेत्रमा आ.ब. २०७७।०७८ मा करिव २,२०,५५,५००।०० मात्र आन्तरिक आम्दानी प्राप्त हुने अनुमान गरियो।
- यसमा उल्लेख नभएका सेवा  शूल्क,दर्ता,नवीकरण फिारिस दस्तुर कार्यपालिकाले तोके बमोजिम हुने छ।

**निर्णय नं. ४**

बहुदरमाई नगरपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको निम्नानुसार विनियोजन विधेयकलाई सभाबाट स्वीकृत गरियो।

**विनियोजन विधेयक (२०७६)**

***बहुदरमाईनगरपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट संचित रहेको रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन"***

**प्रस्तावना::**

बहुदरमाईनगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट संचित रहेको रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिमबहुदरमाई नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनाम र प्रारम्भः**

(१)यस ऐनको नाम" बहुदरमाई**नगरपालिकाको विनियोजन ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क)“नगर सभा”भन्नाले बहुदरमाईनगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) “कार्यपालिका”भन्नाले बहुदरमाई नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) “वडा समिति”भन्नाले बहुदरमाईनगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) “बिषयगतशाखा”भन्नाले बहुदरमाईनगरपालिकाकाअन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथाअन्य प्रशासनिक ईकाई समेतलाई सम्झनुपर्दछ ।

ङ.) “संञ्चितकोष”भन्नाले बहुदरमाईनगरपालिकाको सञ्चितकोषलाई सम्झनु पर्दछ ।

३.**आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**:

(१) आर्थिक वर्ष २०७७।०७८ को निमित्तनगरकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ मा उल्लेखितचालू खर्च, पूँजिगतखर्च र बित्तीयव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५९,३७,६७,१७८।९२मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिने छ ।साथै उक्त रकमवाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थपप्राप्तहुने रकमलाई संचितकोषमाआम्दानीगर्न तथायथावत संचालनहुने योजना (क्रमागत) र तोकिएबमोजिमकाशीर्षकमाखर्च गर्न सकिने छ ।

४. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७७।०७८ को निमित्तबहुदरमाईनगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको लागि मात्र विनियोजन गरिने छ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमाबहुदरमाईनगरपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्च तर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमानगर सभाको स्वीकृतिलिनु पर्नेछ ।

बहूदरमाईनगरपालिकाको संञ्चितकोषमाजम्मा रहने तथा सोबाट विनियोजन हुने रकम

## आयतर्फः

| क्र.सं. | आय शिर्षक | प्रस्तावित आय रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय सरकार समानीकरण अनुदान (२६३३१) | १२६४०००००।०० | |
| २ | संघीय सरकार सर्शत अनुदान (२६३३२) | १८८४०००००।०० | |
| ३ | संघीय सरकार विशेष अनुदान (२६३३३) | ०।०० | |
| ४ | संघीय सरकार सम्पूरक अनुदान (२६३३२) | ०।०० | |
| ५ | प्रदेश सरकार समानीकरण अनुदान (२६३३१) | ७३६१०००।०० | |
| ६ | प्रदेश सरकार सर्शत अनुदान (२६३३२) | ८००००००।०० | |
| ७ | प्रदेश सरकार विशेष अनुदान (२६३३३) | ३००००००।०० | |
| ८ | प्रदेश सरकार सम्पूरक अनुदान (२६३३२) | २००००००।०० | |
| ९ | आन्तरीक स्रोतबाट | २०५५५००।०० | |
| १० | संघीय राजस्व वाडफाड (नेपाल सरकार) | ७६५२०७१०।०० | |
| ११ | प्रदेशसरकारनं.०२राजस्ववाडफाड(जनकपुरधाम,नेपाल) | ४३७४०००।०० | |
| १२ | सामाजिक सुरक्षा तथा संरक्षण भता वितरण | ७६१३००००।०० | |
| १३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ५००००००।०० | |
| १४ | सडक बोर्ड शर्सत अनुदान | ३२०००००।०० | |
| १५ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १४८००००।०० | |
| १० | आ.व.२०७६।०७७ बाट खर्च भई बांकी संचित रकम | ९४३४५९६८।९२ | |
| १५ | संसदीय विकास कोष कार्यक्रम | ०।०० | |
| | जम्मा: | ५९,३७,६७,१७८।९२ | |

## ब्यय तर्फः

| क्र.सं. | ब्ययशिर्षक | प्रस्तावितखर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | शर्शत अनुदान (संघीय सरकार) | १८८४०००००।०० | निर्धारित कार्यक्रम |
| २ | प्रदेश सरकारबाट प्राप्त शर्शत अनुदान | ८००००००।०० | निर्धारित कार्यक्रम |
| ३ | सामाजिक सुरक्षाभतावितरण | ७६१३००००।०० | निर्धारित कार्यक्रम |
| ४ | एलजिसिडिपी | ५००००००।०० | निर्धारित कार्यक्रम |
| ५ | सडकबोर्ड शर्शत अनुदान | ३२०००००।०० | स्वीकृत योजना |
| ६ | बहुक्षेत्रियपोषण कार्यक्रम | १४८००००।०० | स्वीकृत कार्यक्रम |
| ७ | संसदीयविकास कोष कार्यक्रम | ०।०० | स्वीकृत कार्यक्रम |
| ८ | प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ३००००००।०० | स्वीकृत योजना |
| ९ | प्रदेश सरकारबाट प्राप्त समपुरककोष | २००००००।०० | स्वीकृत योजना |
| १० | दैविक प्रकोप एवं विपद ब्यवस्थापन | १२५६००००।०० | |
| ११ | भौतिक पूर्वाधार विकास | १८९७३०६७८।९२ | |
| १२ | आर्थिक विकास | १३०२५५००।०० | |
| १३ | सामाजिक विकास | ३३६५०५००।०० | |
| १४ | प्रशासनिक खर्च | ५२०९०५००।०० | |
| १५ | सम्पुरक कोष | १००००००००।०० | |
| | जम्मा: | ५९,३७,६७,१७८।९२ | |

# बहुदरमाईनगरपालिका

## बहुअरीपिडरी,पर्सा

### आ.व.२०७७।०७८ को आय–व्यय अनुमान

| क.सं | आय शिर्षक | रकम | क.सं. | व्यय शिर्षक | रकम रू. | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार समानीकरण अनुदान (२६३३१) | १२६४०००००।०० | १ | प्रशासनिक खर्च (अनुसूची १ प्रशासनिक) | ४२०७४७८३।३४ | केन्द्रिय राजस्व |
| २ | संघीय राजस्व वाडफाड (नेपाल सरकार) | ७६५२०७१०।०० | १.१ | पद्धाधिकारी सुविधा (अनुसुची १.१) | २४८००५००।०० | |
| ३ | संघीय सरकार सर्शत अनुदान (२६३३२) | १८८४०००००।०० | २ | सामाजिक सुरक्षा भत्ता ञ्ष्क प्रविस्टीको आधारमा | ७६१३००००।०० | निर्धारित कार्यक्रम |
| ४ | सम्पूरक कोष (संघीय सरकार) | ०।०० | ३ | प्रदेश सरकारका सशर्त कार्यक्रमहरू | ८००००००।०० | निर्धारित कार्यक्रम |
| ५ | विशेष कोष (संघीय सरकार) | ०।०० | ४ | स्थानीय शासन तथा सामूदायिक विकास कार्यक्रम | ५०००००।०० | निर्धारित कार्यक्रम |
| ६ | प्रदेश सरकार समानीकरण अनुदान (२६३३१) | ७३६१०००।०० | ५ | वहुक्षेत्रीय पोषण योजना | १४८००००।०० | निर्धारित कार्यक्रम |
| ७ | प्रदेश सरकार सर्शत अनुदान (२६३३२) | ८००००००।०० | ६ | सडकबोर्ड नेपाल | ३२०००००।०० | निर्धारित कार्यक्रम |
| ८ | प्रदेश सरकार नं.०२ राजस्व वाडफाड | ४३७४०००।०० | ७ | विषयगत शाखा सशर्त बजेट (संघीय सरकार) | १८८४०००००।०० | केन्द्रिय शर्सत अनुदान |
| ९ | प्रदेश सरकार सम्पूरक अनुदान (२६३३२) | २००००००।०० | ७.१ | राष्ट्रियग्रामिणतथानविकरणियउर्जारू.८,००,०००।०० | ०।०० | |
| १० | प्रदेश सरकार विशेष अनुदान (२६३३३) | ३००००००।०० | ७.२ | कृषिविभाग,केन्द्रियकृषिप्रयोशालाकार्यक्रमरू.७९,००,०००। | ०।०० | |
| ११ | सामाजिक सुरक्षा तथा संरक्षण भता वितरण | ७६१३००००।०० | ७.३ | पशुपक्षिस्वास्थ्यब्यवस्थापनूप्रर्वद्धनकार्यक्रमरू.१,००,०००। | ०।०० | |
| १२ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ५०००००।०० | ७.४ | खेलकुद विकास कार्यक्रम रू.१,००,०००।०० | ०।०० | |
| १३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १४८००००।०० | ७.५ | शिक्षा क्षेत्र विकास कार्यक्रम रू.११,५१,७९,०००।०० | ०।०० | |
| १४ | सडक बोर्ड शर्सत अनुदान | ३२०००००।०० | ७.६ | झोलुंगे पुल निर्माण कार्यक्रम रू.११,००,०००।०० | ०।०० | |
| १५ | आन्तरीक स्रोतबाट | २२०५५५००।०० | ७.७ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रू.४,५१,२१,०००।०० | ०।०० | |
| १६ | संसदीय विकास कोष | ०।०० | ७.८ | प्रधानमंत्री रोजगार कार्यक्रम रू.६३,००,०००।०० | ०।०० | |
| १७ | आ.व.२०७६।०७७ बाट खर्च भई बांकी संचित रकम | ९४३४५९६८।९२ | ७.९ | लघू उधम विकास कार्यक्रम रू.२४,००,०००।०० | ०।०० | |
| | अन्य | ०।०० | ७.१० | राष्ट्रियपरिचयपत्रतथापञ्जीकरणविभागरू.४५,००,०००। | ०।०० | |
| | अन्य | ०।०० | ७.११ | तराई मधेश समृद्धी कार्यक्रम रू.२५,००,०००।०० | ०।०० | |

| | | |
|---|---|---|
| | अन्य | ०।०० |
| | अन्य | ०।०० |
| | अन्य | ०।०० |
| | अन्य | ०।०० |
| १८ | अन्य | ०।०० |
| १९ | अन्य | ०।०० |
| २० | अन्य | ०।०० |
| २१ | अन्य | ०।०० |
| २२ | अन्य | ०।०० |
| २३ | अन्य | ०।०० |
| २४ | अन्य | ०।०० |
| २५ | अन्य | ०।०० |
| २६ | अन्य | ०।०० |
| २७ | अन्य | ०।०० |
| जम्मा: | | ६१३७६७१७८।९२ |

| | | | |
|---|---|---|---|
| ७.१२ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम रू.२१,००,०००।०० | ०।०० | |
| ७.१३ | महिला,बालबालिकातथा जेष्ठ नागरिकरू.३,००,०००।०० | ०।०० | |
| ८ | विभिन्न कोष व्यवस्थापन नगर स्तरीय | १८००००००।०० | |
| ८.१ | सम्पुरक कोष (Matching Fund) रू.७०,००,०००।०० | ०।०० | |
| ८.२ | विपद् व्यवस्थापन कोष रू.५०,००,०००।०० | ०।०० | |
| ८.३ | मर्मत सम्भार कोष रू.६०,००,०००।०० | ०।०० | |
| ८.४ | वन, वातावरण व्यवस्थापन कोष | ०।०० | |
| ८.५ | नगर शिक्षा कोष | ०।०० | |
| ८.६ | नगर स्वास्थ्य कोष | ०।०० | |
| ९ | विषयगत शाखालाइ थप बजेट | ५२००००००।०० | |
| ९.१ | स्वास्थ्यको कार्यक्रम रू.१५००००००।०० | ०।०० | |
| ९.२ | शिक्षाको कार्यक्रम रू.१५००००००।०० | ०।०० | |
| ९.३ | कृषिको कार्यक्रम रू.९००००००।०० | ०।०० | |
| ९.४ | पशु सेवाको कार्यक्रम रू.४००००००।०० | ०।०० | |
| ९.५ | महिला बालबालिकाको कार्यक्रम रू.४००००००।०० | ०।०० | |
| ९.६ | वहूक्षेत्रीय पोषण योजनाको कार्यक्रम .२५०००००।०० | ०।०० | |
| ९.७ | एलजिसिडिपी रू.२५०००००।०० | ०।०० | |
| १० | मठ,मन्दिर,मस्जिद प्रवर्द्धन कार्यक्रम | ०।०० | |
| ११ | सवारी साधन खरिद | ०।०० | |
| १२ | हेभी ईक्विपमेन्ट/मेशिनरी उपकरण खरिद | ०।०० | |
| १३ | खानेपानी तथा सरसफाई कार्यक्रम | ५००००००।०० | |
| १३.१ | चापाकल खरीद,वितरण र जडान रू.५००००००।०० | ०।०० | |
| १४ | नगरस्तरीय प्रवर्द्धनका प्रवर्द्धन कार्यक्रम | ६५०००००।०० | |
| १४.१ | सौर्यवत्ती (उज्यालो बहुदरमाई) कार्यक्रमरू.६००००००। | ०।०० | |
| १४.२ | पर्यटन पुर्वाधार विकास (बहुदरमाई मंदिर जिर्णोधार)तथा अन्य कार्यक्रम रू५०००००।००. | ०।०० | |
| १५ | नगर सुरक्षा कार्यक्रम | २५०००००।०० | |
| १७ | तरकारी, फलफुल तथामासुजन्न पदार्थ बजारव्यवस्थापन | ५००००।०० | |
| १९ | योग शिविर संचालन | ५०००००।०० | |
| २० | नगर सूचना तथा अभिलेख व्यवस्थापन | ०।०० | |
| २१ | वेवारिसे शव तथा मृत जनावर व्यवस्थापन | १००००००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २२ | विभिन्न दिवश, पर्व प्रवर्द्धन तथा सहयोग कार्यक्रम | १५०००००।०० | |
| | | २३ | कर,दस्तुर,सेवा शुल्क अभिबृद्धि कार्यकम (राजस्व शाखा) | ५००००।०० | |
| | | २५ | सुचनाको हक सम्बन्धि अन्तरकृया | ५००००।०० | |
| | | २६ | पत्रकारिता अभिबृद्धि कार्यकम | ५००००।०० | |
| | | २७ | भाषा,कला,साहित्य, र संस्कृती प्रर्वद्धन कार्यकम | ५००००।०० | |
| | | २८ | मेयर कप खेलकूद संचालन तथा सहयोग कार्यक्रम | ५०००००।०० | |
| | | २९ | मेलमिलाप सहजीकरण तथा केन्द्र स्थापना | ५००००।०० | |
| | | ३० | सार्वजनिकपर्ति,जग्गासंरक्षण एवं विधुत पोल सार्नेकार्यक्रम | २००००००।०० | |
| | | ३२ | न्यायिक समितीको क्षमता कार्यकम संचालन | १०००००।०० | |
| | | ३३ | अनुसन्धान,परामर्श सेवा र सफ्टवेयर जडान (अनुसूची २) | १९०००००।०० | |
| | | ३४ | विभिन्न तालिम गोष्ठी, आभिमुखीकरण सेमिनार(अनुसूची ३) | १८०००००।०० | |
| | | ३५ | ऐन, कानून, निर्देशिका (अनुसूची ४) | २५००००।०० | |
| | | ३६ | सुशासन तथा संस्थागत विकास (अनुसूची ५) | २५००००।०० | |
| | | ३८ | फोहरमैला व्यवस्थापन (फोहरमैला संकलन तथा व्यवस्थापन) | १०००००।०० | |
| | | ३९ | बारूणयन्त्र सेवा व्यवस्थापन | १०००००।०० | |
| | | ४१ | आदिवासी जनजाति लक्षित कार्यक्रम | ५००००।०० | |
| | | ४२ | जेष्ठ नागरिक परिचय वितरण तथा सम्मान कार्यक्रम | ५००००।०० | |
| | | ४३ | दलित तथा विपन्न वर्ग कार्यकम | ५००००।०० | |
| | | ४४ | मुस्लिम समूदायको लागि कार्यक्रम | ५००००।०० | |
| | | ४५ | पिछडा वर्गका लागि कार्यक्रम | ५००००।०० | |
| | | ४६ | अपांग, सूस्त मनस्थिति, भिन्न क्षमता सूदृढिकरण कार्यक्रम | ७५०००।०० | |
| | | ४८ | सडक बती जडान तथा मर्मत कार्यकम | १२०००००।०० | |
| | | ४९ | वडास्तरीय कार्यक्रम (पूर्वाधार तथा प्रवर्द्धन) अनुसुचि नं.६ | ५३६००००००।०० | |
| | | ५१ | नगरस्तरीय पूवाधारका योजना (अनूसूची बमोजिम ७) | ५८५००००००।०० | |
| | | ५२ | बालविकास,स्वास्थ्य स्वयम सेविकाको प्रोत्साहन भत्ता | १२०००००।०० | |
| | | ५३ | आ.व.०७६।७७का बांकी योजना कार्यान्वयन(अनूसूची८बमोजिम) | १०४५०६८९५।५८ | |
| | | ५४ | दलित वर्गलाई ग्यास चुलो वितरण | ५००००००।०० | |
| | | ५५ | हयूमपाईप खरीद | ५०००००।०० | |
| ***जम्मा :*** | ६१,३७,६७,१७८।९२ | | ***जम्मा*** | ***६१३७६७१७८।९२*** | |

| आर्थिक वर्ष २०७७।०७८ को प्रस्तावित प्रशासनिक खर्च विवरण अनुसूची-१ (प्रशासनिक) | | | | |
|---|---|---|---|---|
| खर्च संकेत नं. | खर्च शिर्षक | | आ.व.२०७७।०७८ को प्रस्तावित खर्च | कैफियत |
| २११११ | कर्मचारी तलब (पारिश्रमिक) | | १०००००००।०० | |
| २११२१ | कर्मचारी पोशाक | | ५०००००।०० | |
| २११२३ | औषधि उपचार खर्च (कर्मचारी एवं पद्धाधिकारी) | | १०००००।०० | |
| २११३२ | महंगी भता | | ८०००००।०० | |
| २११३४ | कर्मचारी बैठक भता | | २०००००।०० | |
| २११३९ | अन्य भता (फिल्ड भता समेत) | | ३०००००।०० | |
| २१२१४ | कर्मचारी कल्याण कोष | | ५०००००।०० | |
| २२११४ | पानी,विजुली | | १५००००।०० | |
| २२११२ | संचार तथा ईन्टरनेट महसुल | | ४०००००।०० | |
| २२२१० | सवारी साधन संचालन तथा संभार (ईन्धन) | | ५०००००।०० | |
| २२२१२ | ईन्धन कार्यालय तथा कर्मचारी | | २४०००००।०० | |
| २२२१३ | सवारी साधन मर्मत | | १००००००।०० | |
| २२२१४ | सवारी विमा तथा नवीकरण | | ८०००००।०० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | | २५०००००।०० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री वडा कार्यालय संचालनको लागि | | १३०००००।०० | |
| २२३१३ | पुस्तक तथा सामाग्री | | ५००००।०० | |
| २२३१५ | पत्र पत्रिका, छपाई, तथा सूचना प्रवाह | | २०००००।०० | |
| २२३१९ | अन्य कार्यालय संचालन (नगर प्रमुखको निजी सचिवालय समेत) | | १४०००००।०० | |
| २२४१३ | करार सेवा शुल्क न.पा.तर्फ | | ३५०००००।०० | |
| २२४१३ | करार सेवा शुल्क वडा तर्फ | | १३०००००।०० | |
| २२४१३ | करार सेवा शुल्क सरसफाई तथा चौकीदार तर्फ | | १३०००००।०० | |
| २२४१३ | करार सेवा शुल्क नगरप्रहरी तर्फ पोशाक एवं राशन्न समेत | | ३५०००००।०० | |
| २२४१३ | करार सेवा शुल्क सवारी चालक तर्फ | | ३००००००।०० | |
| २२७११ | विविध कार्यक्रम (अथिती सत्कार,अन्य संघ संस्था समन्वय,सहकार्य) | | २५२४७८३।३४ | |
| २२६१० | अनुगमन मूल्यांकन, दै.भ्र.भत्ता,सरूवा भत्ता अन्य | | १००००००।०० | |
| २८१४२ | घरभाडा | | २००००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| २८१४३ | सवारी साधन तथा मेसिन औजार खरीद,तथा भाडा | | २५००००।०० | |
| २२७२१ | सभा संचालन खर्च | | ५०००००।०० | |
| २११३९ | सुत्केरी स्याहार खर्च | | १०००००।०० | |
| | **जम्मा:** | | **४२०७४७८३।३४** | |

*आर्थिक वर्ष २०७७।०७८ को प्रस्तावित पद्धाधिकारीहरूको सेवा सुविधा विवरण अनुसूची-१.१ (प्रशासनिक)*

| क.सं. | शिर्षक | प्रस्तावित खर्च रु. ९ महिना गत आ.व.२०७६।०७७ | आ.व.२०७७।०७८को प्रस्तावित खर्च | कुल जम्मा: |
|---|---|---|---|---|
| 1 | इGधन | 0 | 624000.00 | 624000.00 |
| 2 | मोबिल | 0 | 57000.00 | 57000.00 |
| 3 | यातायात खर्च | 1629000.00 | 3252000.00 | 4881000.00 |
| 4 | पत्रपत्रिका ईन्टरनेट | 1143000.00 | 1524000.00 | 2667000.00 |
| 5 | टेलिफोन मोबाईल रिचार्ज | 1084500.00 | 1446000.00 | 2530500.00 |
| 6 | अतिथि सरकार | 2295000.00 | 3060000.00 | 5355000.00 |
| 7 | अनुगमन भत्ता | 0 | 3654000.00 | 3654000.00 |
| 8 | चाड पर्व | 795000.00 | 750000.00 | 1545000.00 |
| 9 | बैठक भत्ता | 0 | 2736000.00 | 2736000.00 |
| 10 | दैनिक भ्रमण भत्ता | 0 | 751000.00 | 751000.00 |
| जम्मा : | | **6946500.00** | **17854000.00** | **24800500.00** |

बहूदरमाई नगरपालिका

**वहुअरी पिडरी, पर्सा**

**आ.व. २०७७।०७८ मा संचालन हुने सुशासन तथा संस्थागत विकास कार्यक्रम अनुसूची ५**

| क्रं सं. | कार्यक्रम | प्रस्तावित खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | पदाधिकारी तथा कर्मचारीहरूलाई साकारात्मक सोच तालिम | २,५०,०००।०० | |
| २ | सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा समिक्षा बैठक | | |
| ४ | लेखापरीक्षण तथा बेरूजु फर्छ्यौट व्यवस्थापन | | |
| ६ | कार्यालय व्यवस्थापन विषयक तालिम(दर्ता,चलानी,टिप्पणी लेखन,जिन्सी व्यवस्थापन, प्रतिवेदन तयारी, पत्राचार जवाफ लेखन अन्य) | | |
| | जम्मा: | २,५०,०००।०० | |

निर्णय नं. ५

प्रदेश सरकारबाट आ.व.२०७६।०७७ मा प्राप्त शर्सत अनुदानबाट ६ थान पावर टावर लाईट जडान तथा २३ थान स्ट्रिट सोलर बती जडान कार्यक्रममा सामान खरीद गर्न मात्र संभव भएको र बांकी रकम निकासा फिर्ता गरिएकोमा जडान खर्च वापतको रकम नगरपालिकाको श्रोतबाट ब्यहोरिने निर्णय गरियो ।

निर्णय नं. ६

बहुदरमाई नगरपालिकाको कार्य संचालनको आवश्यक्ता हेरी आवश्यक पर्ने ऐन, नियमावली, निर्देशिका, कार्यविधि र बहुदरमाई नगर कार्यपालिकाबाट कार्य सम्पादन गर्ने सम्बन्धमा आईपर्ने वाधा व्यवधान समेतलाई मध्येनजर गरी आवश्यक पर्ने नीति, नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरु निर्माण गरी लागु गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

बहुदरमाई नगरपालिका क्षेत्र भित्र रहेका सडक लगायत अन्य भौतिक पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा निर्माण कार्यको लागि बढीमा रु. १ करोड मात्र रकम रहने गरी मर्मत सम्भार कोष स्थापना गर्ने । उक्त मर्मत संभार कोषमा जम्मा भएको रकम कार्यपालिकाले आवश्यकता र आकस्मिकताको आधारमा कार्यविधिको प्रक्रिया पुरा गरी नगर प्रमुखको निर्देशन एवं कार्यालयको निर्णयले सडक मर्मत सम्भार लगायत भौतिक पूर्वाधारमा खर्च गर्न सक्ने गरी निर्णय गरियो ।

**निर्णय नं. ८**

बहुदरमाई नगरपालिकाको विभिन्न बाटो तथा आयमूलक स्थायी सरंचना निर्माण गर्नको लागि प्राप्त हुने वित्तीय श्रोत न्यून रहेकोले आवश्यक अध्ययन गरी नगर विकास कोष लगायतका वित्तीय साझेदार निकायहरु संग पहल तथा संझौता गर्नको लागि नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

नेपालको संविधान अनुसार स्थानीय तह कार्यान्वयनमा आएकोले विभिन्न बिषयगत मन्त्रालय तथा निकायहरुले गर्दै आएका कार्यहरु यस नगरपालिकामा हस्तान्तरण भई आएका र आउने क्रममा रहेका विभिन्न बिषयगत कार्यालय र निकायहरु कर्मचारीहरुलाई व्यवस्थापन गर्दै लैजाने। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव गरिएको नगरपालिकाको संगठन संरचना र दरवन्दी प्रस्ताव तथा नगर कार्यपालिका कार्य विभाजन नियमावलीमा व्यवस्था भए अनुसारको विषयगत शाखा (शाखा, कार्यालय, उपशाखा, ईकाइ) रहने निजामती, स्थानीय, सेवा करार र ज्यालादारी समेतका कर्मचारीहरुको दरवन्दी र संख्या एकिन गरी स्वीकृत गर्न कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

गत आ.व.२०७६।०७७ मा स्वीकृत कार्यक्रम तथा योजनाहरु संचालनको क्रममा अख्तियार अनुसंधान आयोगमा परेको उजुरीका कारण, कोरोना भाईरस महामारी (कोभिड १९) को बन्दाबन्दीका कारण धेरै जसो योजनाहरु समयमै सम्पन्न हुन नसकेको हुदां कार्यादेश दिई बाकी रहेका अनुसुचि ८ बमोजिमका योजनाहरुलाई यस वर्ष सोही बजेटमा सम्पन्न गर्ने गरि रकम सहित योजनाको दायित्व चालु आ.व.२०७७।०७८ मा सार्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

आ.ब.२०७७।०७८ मा नगरपालिकाबाट सञ्चालन हुने बैठक, तालिम, गोष्ठी, अनुगमन तथा सेमिनार आदिमा गरिने खर्चको नर्म्स नेपाल सरकार , अर्थ मंत्रालय, बजेट तथा कार्यक्रम महाशाखाबाट जारी कार्य संचालन निर्देशिका २०७५ बमोजिम हुने निर्णय गरियो ।

**निर्णय नं.१२ :**

बहुदरमाई नगरपालिकाको पदाधिकारीहरुलाई सेवा सुविधा(ईन्धन,यातायात खर्च,संचार,पत्राचार,बैठक भता,अनुगमन भता,दै.भ्र.भता लगायत अन्य प्रदेश सरकारले तोके वमोजिम अनुसुचि १.१ अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३:**

बहुदरमाइ नगरपालिकामाजनशक्ति करारमा लिनु परेमा शसर्त बजेटमा व्यवस्था भएमा नेपाल सरकारबाट तोकिए बमोजिम र निशर्त बजेट भएमा निम्न बमोजिम मासिक पारिश्रमिक दिने निर्णय गरियो ।

| | |
|---|---|
| ● अधिकृत स्तर छैठौं इन्जिनियर (सिभिल) | नेपाल सरकारको स्केल |
| ● अधिकृत स्तर छैठौं इन्जिनियर (आर्किटेक.) | नेपाल सरकारको स्केल |
| ● अधिकृत स्तर छैठौं वातावरण अधिकृत | नेपाल सरकारको स्केल |
| ● अधिकृत स्तर छैठौ सुचना प्रविधि अधिकृत | नेपाल सरकारको स्केल |
| ● सहायक पाचौ सब इन्जिनियर | नेपाल सरकारको स्केल |
| ● सहायक स्तर चौथो वा पाचौ कम्प्युटर अपरेटर | नेपाल सरकारको स्केल |
| ● सहायक स्तर चौथो, पाँचौ अन्य | नेपाल सरकारको स्केल |
| ● सहायक स्तर चौथो भेट. जेटिए | नेपाल सरकारको स्केल |
| ● कार्यालय सहायक स्तर | नेपाल सरकारको स्केल |

- विद्युत मिस्त्री — स्थानीय दररेट अनुसार
- अन्य श्रेणी विहिन
    - कार्यालय सहयोगी — स्थानीय दररेट अनुसार
    - हल्का सवारी चालक — स्थानीय दररेट अनुसार
    - हेभी सवारी चालक — स्थानीय दररेट अनुसार
    - माली, बगैचे — स्थानीय दररेट अनुसार
    - कार्यालय सरसफाई कर्मी — स्थानीय दररेट अनुसार
    - कार्यालय सुरक्षा कर्मी (रात्री सेवा) — स्थानीय दररेट अनुसार
    - अन्य काम गर्ने गरी राखिएका ज्यालादारी कर्मचारी — स्थानीय दररेट अनुसार

**निर्णय नं.१४:**

नगरसभाको तयारीका क्रममा खटिएका कर्मचारीहरुलाई सांझ विहान अतिरिक्त काम गरेवापत उपस्थित दिनको बढीमा १५ दिन बराबरको निम्न बमोजिमको थप पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

| कर्मचारी स्तर | प्रति दिन रु. |
|---|---|
| उप सचिव स्तर | १६००।०० |
| अधिकृत स्तर | १६००।०० |
| ना.सु. स्तर | १२००।०० |
| खरिदार स्तर | १२००।०० |
| कार्यालय सहयोगी | १०००।०० |

**निर्णय नं. १५**

सवै वडा समितिको निर्णयवाट माग भई आए अनुसार यस नगर सभाले योजना वैंकको रुपमा अनुसूचीमा समावेश गरेको तर बजेटको प्राथमिकतामा पर्न नसकेका योजना र कार्यक्रमलाई नगरपालिकाको उपलव्ध स्रोत भएमा वा अन्य विकासका साझेदार निकायहरुसँगको साझेदारीमा प्राथमिकताका आधरमा संचालन गरी क्रमशः वडावासीका मागलाई सम्वोधन गर्दै लैजाने निर्णय गरियो।

**निर्णय नं. १६**

गत आ.व.२०७६।०७७ मा दशैं,तिहार,छठ पर्वमा विभिन्न धार्मिक स्थल एवं सडकहरुको पोलमा बती जडान गरि झिलीमिली पारिएको हुदा वडा स्तर र नगर स्तरमा व्यवस्थापन हूने गरि टिप्पणीबाट निर्णय भए बमोजिम उक्त कार्यको जिम्मेवारी यस आ.व.२०७७।०७८ मा सारी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस बहुदरमाई नगरपालिकामा हाल बारुणयन्त्र नरहेकोले वीरगंज महानगरपालिका तथा पोखरीया नगरपालिकामा रहेको बारुण यन्त्र प्रयोग गर्नू पर्ने भएकोले आफ्नै बारुण यन्त्र नभए सम्मका लागि ती नगरपालिकाहरुलाई केही रकम संस्थागत सहयोग गर्ने र क्रमिक रुपमा आफ्नै श्रोत साधन परिचालनगरी वा दातृ निकायसंगको सहयोगमा बारुण यन्त्रको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्याय नं. १८**

सार्वजनिक निजी साझेदारीको माध्यमबाट नगर क्षेत्रमा सार्वजनिक शौचालय निमार्ण गर्ने। सो का लागि सार्वजनिक शौचालय निमार्ण अभियान शुरु गरी विभिन्न निकायहरुसँग सहकार्य गरी काम अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं. १९**

नगर क्षेत्रमा संचालित विकास आयोजनाहरु संचालन गर्नका लागि आबश्यक पर्ने बस्तु तथा सेवाको स्थानीय दररेट निर्धारण गरी लागु गर्न नगर कार्यपालिकालाई अधिकार दिने साथै स्थानीय दररेट निर्धारण नभएको खण्डमा जिल्ला दररेटलाई नै मान्य हुने गरि निर्णय गरियो ।

**निर्णय नं. २०**

नेपालको संविधान (२०७२) तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरीयस नगरपालिकाको समुन्नत विकासका लागि देश विदेशका नगरपालिका संग भगिनी सम्बन्ध कायम गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. २१**

नगर तथा वडा स्तरबाट संचालन हुने सार्वजनिक निर्माणका आयोजना तथा कार्यक्रमहरुमा स्वीकृत वजेटको पूँजीगत बजेटबाट (३) तीन प्रतिशतले हुन आउने रकम कन्टीन्जेन्सी रकम वापत कट्टा गर्ने र सो रकमबाट विकास निर्माण आयोजना सञ्चालन गर्दा खटिने कर्मचारीहरुको प्राविधिक तथा पारवहन खर्च तथा अन्य विस्तृत योजना प्रतिवेदन (DPR)खर्च, विकास आयोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक पर्ने मेशिनरी औजारहरु खरिद गने लगायत तोकिए वमोजिमको कार्यमा आवश्यक्ता बमोजिम योजना बनाई खर्च गर्न नगर प्रमुखको निर्णयानुसार हूने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस नगरपालिका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह सरकारी संस्था लगायतका संघ संस्थाहरुले यस नगर क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु नगरपालिकाको स्वीकृत मापदण्डको अधिनमा रही नगरपालिकाले स्वीकृत गरे पश्चात मात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

नगरपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीहरुको लागि सेवा सुरक्षालाई ध्यान दिदै विनियोजित रकम कर्मचारी कल्याण कोषको खाता खोली चालु आ.व.मा विनियोजित रकम सो मा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:**

दुई वा दुई भन्दा वढी स्थानीय तहलाई प्रत्यक्ष फाइदा पुग्ने योजना संचालन गर्न आवश्यक समन्वय गर्न नगर कार्यपालिकालाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. २५ :**

बहुदरमाई नगरपालिका भित्र बैदेशिक वा अन्तराष्ट्रिय संघ संस्थाले कार्यक्रम संचालन तथा लगानी गरी व्यवसाय गर्न चाहेमा नगरपालिकासंग स्वीकृती लिई मात्रसंचालन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं.२६ :**

बहुदरमाई नगरपालिका भित्र संचालनमा रहेका ठुला आयोजनाहरु नगरपालिकाले समय समयमा समन्वय, अनुगमन र राय सल्लाह दिई उक्त आयोजनालाई प्रभावकारी रुपमा संचालन गर्ने ब्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २७:**

चौथो नगर सभा पश्चात नगरपालिकाबाट आर्थिक वर्ष २०७६/०७७ मा शिर्षकगत सम्पूर्ण आम्दानी र खर्च विवरण अनुमोदन गर्ने एवं नगर प्रमूख स्तरीय स्वीकृत टिप्पणीबाट भएका सम्पुर्ण कार्यक्रम,योजना र निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै २०७६ चैत्र देखि विश्व ब्यापी कारोना महामारी ( कोभिड १९) मा राहत वितरण

खर्च, क्वाराईन्टाईन व्यवस्थापन खर्च,आईसोलेशन व्यवस्थापन खर्च, प्रचार प्रसार खर्च, स्वास्थ्य सरसफाई सामाग्री वितरण खर्च लगायत हाल सम्म भएको शिर्षकगत खर्चहरुको अनुमोदन गरियो ।

**निर्णय नं.२८ :**

बहुदरमाई नगरपालिकामा कार्यरत कर्मचारीहरुको आ.व. २०७७/०७८ को तलबमान सहितको तलबी प्रतिवेदन यसै सभाबाट स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९ :**

यस नगरपालिकामा न.पा.र वडा तर्फ कार्यरत करारका कर्मचारीहरुको करार सेवा म्याद २०७७ अषाढमा समाप्त भएकोले कार्यसम्पादन मुल्यांकनको आधारमा पुनः २०७७ श्रावण देखि २०७७ पौषमसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.३० :**

बहुदरमाईनगरपालिकाको स्थानीय तह हेरफेर हुनु पूर्व दैनिक उपभोग्य मसलन्दका सामानहरु स्थानीय तह हेरफेर पश्चात उपयोगमा नआउने भएकोले अभिलेख राखी धुल्याउने र कार्यालयको वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम मर्मत गर्दा पनि सुचारु रुपमा संचालन हुन नसक्ने भनी प्राप्त भएका खर्च भएर नजाने जिन्सी सामानहरु लिलाम तथा नियमानुसार मिन्हा गर्नुपर्ने भए मिन्हा गर्न नगरपालिकालाई अधिकार दिने गरियो ।

**निर्णय नं.३१:**

बहुदरमाईनगरपालिकाको क्षेत्र भित्र विविध बिषयहरुमा बिषयगत समिति तथा उपसमितिहरु र अन्य आवश्यक बिषयका समिति तथा उपसमिति गठन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२:**

बहुदरमाई नगरपालिकालाई बुझाउनु पर्ने वाकी वक्यौता कर, पेश्की वेरुजु, वेरुजु, ऋण तथा अन्य विविध बक्यौता रकम नवुझाउने तथा फरफारक गर्न कुनै प्रक्रिया नचालेका ब्यक्ति तथा संस्थाहरुलाई पूर्वसूचना दिई न.पा.बाट प्रवाह गरिने सेवा रोक्का राख्ने निर्णय गरियो ।

**निर्णय नं.३३:**

एल.जि.सि.डी.पी.तर्फ र चौकीदारहरुको साविक बमोजिमकै सेवा सुविधा कायम हुने गरि आ.व.२०७७।०७८ मा समेत निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं.३४:**

नगरपालिकाको न्यायिक समिति र नगरपालिकालाई विभिन्न मुद्दा, पैरवी गर्न र अन्य कानुनी परामर्श लिनका लागिकर्मचारी व्यवस्थापन नभए सम्मका लागि उचित पारिश्रमिक दिई १ (एक) जना कानुनी परामर्शदातालाई करार सम्झौता भएकोमा सो लाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.३५:**

बहुदरमाई नगरपालिका कार्यालयको गत विगत आ.व.मा सम्पन्न भएका अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका वेरुजुहरुको सम्परीक्षण तथा नियमित गर्ने काम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६:**

सार्वजनिक, ऐलानी र पर्ति जग्गा तथा व्यापार व्यवसाय एवं उद्योगको लगत संकलन गर्ने कार्यलाई अगाडी बढाउने दिने निर्णय गरियो ।

**निर्णय नं.३७:**

बहुदरमाइ नगरपालिकाकाको वस्ती विकास शहरी योजना तथा भवन निमार्ण सम्वन्धि आधारभुत निर्माण मापदण्ड, २०७५ अनुसार प्रभावकारी रुपमा नक्सापास प्रकृयालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३८**

नगरपालिका गठन हुनु पुर्व निर्माण भएका पक्की घर अभिलेखीकरण, नियमित गर्दा तोकीएको दस्तुरमा २५ प्रतिशत छुट दिई घर नक्सा प्रमाणित गरी दिने र नगरपालिका गठन भए पछी विना इजाजत भवन निर्माण गरि नक्सा पास गराउन आएमा तोकिएको दस्तुरको दोब्बर थप दस्तुर लिई घर नक्सा नियमित /प्रमाणित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३९**

नगर शिक्षा समितिको सिफारिश अनुसार नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको व्यवस्थापन तथा दरवन्दी मिलान गर्नको लागि नगर कार्यपालिकालाई निर्देशन तथा अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.४०:**

नगर क्षेत्र भित्र संचालनमा रहेका सवै सामुदायिक तथा संस्थागत विद्यालयहरुका कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुले प्रति विद्यार्थी कम्तीमा १ जना निरक्षरलाई साक्षर गराई पूर्ण साक्षर नगरपालिका निर्माण गर्न सहयोग पुरयाउन सवै विद्यालयहरुलाई वडा कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४१:**

नगर क्षेत्र भित्र संचालनमा रहेका र अव उप्रान्त संचालनको लागि अनुमति माग भई आउने संस्थागत विद्यालयहरुलाई प्रचलित ऐन, कानून र परिपत्रका आधारमा नियमन गर्ने, कक्षा थप गर्ने, नयाँ विद्यालय संचालनका लागि अनुमति दिने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. **४२**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यकममा कार्यरत सुचना प्रविधि अधिकृतको लागि मांग भै आएको कुल बजेटको ३० प्रतिशत रकम यस नगरपालिकाबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. **४३**

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान अनुसार दफा ८५ एवं ८७ को भावना अनुसार अवसर तथा सेवा सुविधा प्राप्त हुने गरि संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयको २०७५।०४।३१ च.नं.४९० को पत्र अनुसार जिल्ला समन्वय समिति (स्थानीय विकास कोष एवं जिल्ला विकास कोष)बाट यस नगरपालिकामा कामकाज गर्न खटिई आएका कर्मचारीहरुलाई निजहरुको पद सहित सेवाको पदमा अविछिन्न कायम गर्ने गरी संगठन संरचनाको नगर कार्यपालिकाको कार्यालयमा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४**

धार्मिक स्थल बहुदरमाई मंदिर क्षेत्रलाई कायम गरि गुरु योजना सहितको संरक्षण, तथा प्रचार प्रसार गरी आन्तरीक तथा बाह्रय पर्यटक प्रर्वधन गर्ने र सा कालागि आवश्यक बजेट संघ, प्रदेश सरकारसंग मांग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४५:

पूर्वाधार विकास निर्माणका कार्य गर्दा उपभोक्ता समितिको १० प्रतिशत लागत सहभागिता कायम गरी जनश्रमदानबाट व्यहोर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४६**

नगरपालिका तथा वडा कार्यालयलाई व्यवस्थित रुपमा संचालन गर्न निम्नानुसारको रकम प्रशासनिक खर्चबाट व्यवस्थापन गर्ने गरी निर्णय गरियो ।

क.नगर प्रमखको निजी सचिवालय तर्फ आवश्यक न्युनतम प्रशासनिक खर्च रकम

ख. नगर उप प्रमखको निजी सचिवालय तर्फ आवश्यक न्युनतम प्रशासनिक खर्च रकम

निर्णय नं. ४७:

नगर सभा संचालन कार्यबिधि २०७४ को दफा १६ वमोजिम अध्यक्षज्यूबाट प्रस्ताव निर्णयार्थ सभा समक्ष पेश हुँदा यस नगर सभाले निर्णय गर्नु पर्ने बिषयहरु नगर सभाको चालु बैठकमा आवश्यक तयारी पुरा गरी पेश गर्न समय सिमाका कारण सम्भव नभएको हुँदा नगर सभाबाट पारित ऐन वजेट, नीति कार्यक्रम प्रस्ताव एवं निर्णय कार्यन्वयन गर्ने लगाएतका बिषयहरुमा बाटो खुल्ला गर्न बाधा अड्काउ फुकाउन, कार्यक्रम बजेट कार्यान्वयन गर्न यस नगर सभामा निहित त्यस्ता अधिकारहरु नगर सभाबाट गठित बिधेयक समितिको सिफारिसको आधारमा कार्यन्वयन गर्नका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४८:

विकास निर्माण कार्य गर्दा कुनै पनि बाधा अवरोध आएमा स्थानीय प्रहरी प्रशासनको सहयोग लिई उक्त कार्य कार्यवन्यन गरिने निर्णय गरियो ।

निर्णय नं.४९:

यस नगरपालिका क्षेत्रमा व्यवसाय गरि रहेका व्यवसायीहरुलाई करको दायरामा ल्याई कर संकलन कार्यमा बृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं.५०:**

यस नगरपालिकाको चौथो नगरसभा पश्चात हालसम्म कार्यपालिकाले गरेका प्रशासनिक एवं आर्थिक सम्पुर्ण निर्णयलाई अनुमोदन गरियो ।

निर्णय नं.५१:

विहान बेलुका काम गरे वापत प्राविधिक कर्मचारीलाई स्थानीय भत्ताको सट्टा (सव ई.,ईन्जिनियर) को फिल्ड भता कार्य क्षमता एवं कुशलताको मुल्यांकन गरि मासिक वा दैनिक रकम नगरपालिकाबाट चालु आ.व.२०७७।०७८ मा उपलब्ध गराउन प्रमुख प्रशाकिय अधिकृत एवं नगर प्रमुखले तोके बमोजिम हुने निर्णय गरियो ।

निर्णय नं.५२:

स्वास्थ्य सेवा तर्फ स्यंमसेविका एवं बालविकास सहजकर्ता पदमा कार्यरत महिला कर्मचारीलाई क्रमश:नगरपालिकाबाट मासिक भता रु.१५००।०० र २०००।०० मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.५३ :

यस बहुदरमाई नगरपालिकाको तपसिलका निति,ऐन,नियमावली पारित गरियो ।

तपसिल:

१. बहुदरमाई नगरपालिकाको शिक्षा ऐन, २०७७
२. बहुदरमाई नगरपालिकाको शुसासन ऐन, २०७७
३. बहुदरमाई नगरपालिकाको विपतब्यवस्थापन ऐन, २०७७
४. बहुदरमाई नगरपालिकाको कृषि ब्यवसाय प्रर्वद्धन ऐन, २०७७
५. बहुदरमाई नगरपालिकाको फोहरमैला ब्यवस्थापन ऐन, २०७७
६. बहुदरमाई नगरपालिकाको सहकारी ऐन, २०७७
७. बहुदरमाई नगरपालिकाको न्यायिक समितिले उजुरीको कार्यवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन, २०७७
८. बहुदरमाई नगरपालिकाको स्वास्थ्य निति, २०७७
९.बहुदरमाई नगरपालिकाको विपद ब्यवस्थापन कोष संचालन नियमावली, २०७७

निर्णय नं.५४ :
वडा नं.०४ बाट वडा परिषद सम्पन्न भई नआएकोले उक्त वडाका लागि विनियोजित रकम रु.७० लाख नगर पुर्वाधार विकास कार्यक्रममा संलग्न गराउने । वडा परिषद सम्पन्न गरि माईन्युट सहित योजनहरु आएमा नगर प्रमुखज्युबाट स्वीकृत गराई कार्यवन्यनमा गर्ने निर्णय गरियो ।
निर्णय नं.५५
कोभिड १९ (५ बेडवाला) अस्थायी अस्पताल वडा नं.२ को खोपकेन्द्रको छेउमा स्थापना गर्ने साथै १५ शैयाको अस्पताल वडा नं.०९ मा जग्गा एवं अन्य पुर्वाधारहरु तयार गरि स्वास्थ्य मंत्रालयसंग सो अस्पताल निर्माण र स्थापनाका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.५६
नगर सभा संचालनमा सहयोग पुऱ्याउने नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रतिनिधि सभा तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु, सबै राजनीतिक दल, प्रमुख प्रशासकिय अधिकृत लगायत सबै कर्मचारीहरु, संचारकर्मी, उद्योगी व्यबसायी लगाएत सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै पांचौ नगरसभा सम्पन्न गरियो ।